# जोरायल राजपत्र


## जोरायल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ४ संख्या १२ मितिः 2077 फागुन 17


**भाग- २**

## जोरायल गाउँपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 102 उपदफा (3) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः

**कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७७**

# कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७७

जोरायल गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०७७।११ ।१६

गाउँपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवम् समपुरक अनुदानका साथै गाउँपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टा गरी हुन आउने रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त एवम् मितव्ययी तरिकाले खर्च गर्न बाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

**1= संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७७ रहेको छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

**2= उद्देश्य**

कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन्:

(क) योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी वापतको करमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्न,

(ख) दफा ४ मा उल्लेखित क्षेत्रहरुमा मात्र कन्टिन्जेन्सी वापतको रकम खर्च गर्न,

(ग) कन्टिन्जेन्सी वापतको रकमलाई एकीकृत रुपमा लगत राखी सो को योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्न,

(घ) भैपरी आउने खर्चको व्यवस्थापन गर्न,

(ङ) कन्टिन्जेन्सी वापतको रकम यथार्थपरक विवरण अभिलेखीकरण गर्न, आदि ।

**3= कन्टिन्जेन्सी रकमको व्यवस्थाः**

गाउँपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको नियमानुसार कट्टा गरी हुन आउने रकमलाई एकीकृत गरी उक्त रकमलाई दफा २ मा उल्लेख भए बमोजिमका शिर्षकहरुमा मात्र खर्च गर्न सकिनेछ ।

**4= खर्च गर्न सकिने क्षेत्रहरुः**

योजना तथा कार्यक्रमको कन्टिन्जेन्सी कट्टा रकमलाई गाउँपालिकाको देहायका शिर्षकहरुमा मितव्ययी, पारदर्शी ढंगले खर्च गर्न सक्नेछ ।

(क) योजना अनुगमन तथा सुपरीवेक्षण एवम् योजनासँग सम्बन्धित प्रशासनिक र बैठक भत्ता लगायत खाजा खर्च,

(ख) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्री खरिद,

(ग) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यगवस्थापनमा लाग्ने खर्च,

(घ) तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु,

(ङ) गाउँपालिकाको निर्णय बमोजिम तोकिएको अन्य क्षेत्र,

(च) लेखापरीक्षण सम्बन्धी खर्च,

(छ) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमूखिकरण तालिम, गोष्ठी, कार्यक्रम संचालनमा लाग्ने खर्च,

(ज) योजना तथा कार्यक्रमको अनुगमन तथा निरिक्षणका क्रममा भएको यातायात खर्च,

(झ) स्थानीय तह वा अन्य निकायको योजना तथा कार्यक्रमको असल अभ्यासको सिको तथा अनुशरण गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्न निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च ।

**5= कन्टिन्जेन्सी रकमको खर्च प्रकृतिः**

योजना तथा कार्यक्रमको कूल कन्टिन्जेन्सी रकम मध्ये प्रशासनिक (चालू) अधिकतम ५५ र पूँजीगत अधिकताम ४५ प्रतिशतका दरले खर्च गर्न सकिनेछ ।

**6= कन्टिन्जेन्सी रकम एकीकृत तथा खर्च प्रणालीः**

गाउँपालिकाको वार्षिक स्वीकृत बजेट तथा सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी वापतको रकमलाई आर्थिक वर्षको सुरुमा नै एकीकृत रुपमा हिसाव गरी सो को लगत राखिनेछ । तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टिन्जेन्सी वापतको रकम योजना तथा कार्यक्रम कार्यान्वयन सँगै खर्च गरिने व्यवस्था मिलाइनेछ ।

**7= थपघट, हेरफेर वा संशोधनः**

कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकतानुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ ।

**8= बाधा अड्काउ फुकाउने अधिकारः**

(क) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार कार्यपालिकाको हुनेछ ।

(ख) तर प्रचलित ऐन,कानून, नियम र यस कार्यविधिको मुलभूत कुरालाई असर गर्ने गरी बाधा अड्का फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन् ।

**9= यसै बमोजिम भए गरेको मानिनेः**

यो कार्यविधि स्वीकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी रकमबाट योजना कार्यान्वयनसँग सम्बन्धित भए गरेका क्रियाकलापहरु यसै निर्देशिका अनुरुप भए गरेको मानिनेछ ।